# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## बराहताल गाउँपालिका
## सुर्खेत




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्याः२०७८/७९

च.नं. १८४ मितिः२०७८/५/४

श्री अध्यक्षज्यू,
बराहताल गाउपालिका, सुर्खेत।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(नारायण एम.सि.)

नायब महालेखापरीक्षक

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार काठमाडौं; -प्रतिवेदन संलग्न छ ।

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्याः२०७८/७९

च.नं. १८५ मितिः २०७८/५/४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

बराहताल गाउपालिका, सुर्खेत।

**कैफियत सहितको राय**

हामीले बराहताल गाउँपालिकाको आर्थिक वर्ष२०७६/७७ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१ .लेखापरीक्षणबाट रु ४ करोड ५८ लाख ४७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १७ लाख ३६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ४४ लाख ९७ हजार नियमित गर्नुपर्ने रु .२ करोड ९४ लाख ७४ हजार पेश्की बाँकी रु १ लाख ४० हजार रहेको छ ।

२ .लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्यौंट भएको दफा हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ४१( एकचालिसको) यसैसाथ संलग्न छ ।

३ .आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह संग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एस.सि.)

नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np



"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

## श्री बराहताल गाउँपालिका

लेखापरीक्षण प्रतिवेदन

२०७६/७७

**परिचयः**– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १०. वडा, ५३ सभा सदस्य, ४५५.२९वर्ग किलोमिटर क्षेत्रफल तथा २६ हजार ८०२ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| बिबरण | रकम | | बिबरण | रकम | |
| गत आ.ब.२०७५।७६ बजेट बाँकी अ.ल्या. | | ५२३२९७०४.३२ | चालु खर्च | | २४३०९७०७४.०० |
| क० गाउँपालिका बिभिन्न शिर्षकको अ.ल्या | ३८५६०००३.०० | | क. ब.उ.शि.नं. गाउँ कार्यपालिका ९ ८०६६८५०३००१( चालु | ७९७०९६८०.०६ | |
| ख) बिभाज्य कोष अल्या | ३४६९०९४.०० | | ख. ब.उ.शि.नं - .शिक्षा ) ८०६६८५०३३०१( चालु | ६२०५८२९.०० | |
| ग) धरौटी अल्या | २९४३९०९.०० | | ग. बराहताल गाउँपालिका - स्वास्थ्य) ८०६६८५०३३०२( चालु | २६८४७१८.०० | |
| घ) गत आ ब को अल्या र श्रोत नखुलेको आम्दानी | ४१८२९४७.३२ | | घ. बराहताल गाउँपालिका - कृषि ) ८०६६८५०३३०३( चालु | ३०६२०४५.०० | |
| ङ) मर्मत सम्भार कोष अल्या | ३१७३७५१.०० | | ङ .संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ) ८०६६८५०३५०१( चालु | १५११४९३०१.९४ | |
| संघिय सरकार | | ३८०५४६७९६.०० | च. ब.उ.शि.नं ) .८०६६८५०३५०३ ( छोरी वचत कार्यक्रम चालु | २८५५००.०० | |
| क (बित्तिय समानीकरण | १०१५००००० .०० | | पुजिगत | | १५९०३९२७२.३० |
| ख (शसर्त अनुदान | १९४७७२५००.०० | | क. बराहताल गाउँ कार्यपालिका) ८०६६८५०३००१( पूँजीगत | ७४३७९८०५.३० | |
| ख (शसर्त अनुदान युनिसेफ सोझै | २१०००.०० | | ख. बराहताल गाउँपालिका - कृषि ) ८०६६८५०३३०३( पूँजीगत | ६००००.०० | |
| ग (बिशेष अनुदान | ०.०० | | ग .संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ) ८०६६८५०३५०१( पूँजीगत | ३६७०८५३०.०० | |
| ब.उ.शि.नं.३१२२०५३)गरिब संग बिश्वेश्वर कार्यक्रम( | ४९५०००.०० | | घ.प्रदेश सरकार हस्तान्तरण बिशेष र शर्त | ६८८८९२५.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ब.उ.शि.नं.३६५१६०३)स्थान ीय पुर्वाधार विकास साझेदारी कार्यक्रम( | ११०००००.०० | | ङ .प्रदेश समपुरक अनुदान ) ८०६६८५०३१०३( पूँजीगत | ४७२५०३१.०० | |
| राष्ट्रिय परिचयपत्र चथा पंजीकरण वभाग | १०९२०९६.०० | | च. कर्णाली प्रदेश पूर्वाधार बिशेष कार्यक्रम | १२४१२१६६.०० | |
| ब.उ.शि.नं.३६५०१५३)सामाजिक सुरक्षा कार्यक्रम( | ७१६६६२००.०० | | ज .पदेश बाढीपहिरो पुनर्स्थापना | ४४०००००.०० | |
| राजश्व प्राप्त रकम | | ६९३५०९४८.४ | झ.स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | ९४४११६७.०० | |
| आन्तरिक आम्दानी | १२१२०६०.०० | | ञ मुख्य मन्त्रि रोजगार कार्यक्रम | १००२३६४८ | |
| प्रदेश सरकारबाट प्राप्त राजश्व | ७५४१६१.०३ | | फिर्ता रकम | | ८९६६७४६.०६ |
| बन रोयल्टी | १६५७१६३.०० | | १ .संघीय सशर्त अनुदान तर्फको फिर्ता | २९५५६६८.०६ | |
| घर जग्गा रजिष्ट्रेसन | २९११८६.६० | | २ .प्रदेश सरकारको बिशेष अनुदान | ३९०९४२.०० | |
| राजश्व बाडफाँड बाट प्राप्त रकम | ६५४३६३७७.७७ | | ३ .बाडीपिडित अनुदान | २००००० | |
| | | | ४ .बैंक खाता छेरीको | १४५०० | |
| प्रदेश सरकार | | ५७०८७३१६.४२ | ५ .खाध्य सुरक्षा | ४७६० | |
| क (समानिकरण अनुदान | १०२०४०००.०० | | ६ .कर्णाली प्रदेश पूर्वाधार बिशेष कार्यक्रम | ४८१२४६ | |
| ग (बिशेष अनुदान | ४००००००.० | | ७ .मुख्यमन्त्री रोजगार कार्यक्रम | १९९४९७. | |
| घ (प्रदेश शसर्त अनुदान | ८०००००० | | ८ .प्रदेश शर्त | ४७२०१३३. | |
| ० कर्णाली प्रदेश पूर्वाधार बिशेष कार्यक्रम | १२८९३४१२.०० | | कन्टीजेन्सी खर्च | | ७३३७६७.०० |
| ङ (समपुरक अनुदान | ५०८९७५९ | | धरौटी फिर्ता | | ४१७२१७८.०० |
| घ ( ब.उ.शि.नं.७०६३३३५१३ ) बाढीपहिरो पुनर्स्थापना( | ४६०००००.०० | | कोष खर्च | | |
| ङ(ब.उ.शि.नं.७०६३७३५१४ )बैंक खाता छोरीको सुरक्षा जिवन भरीको | ३०००००.०० | | १ .प्रकोप व्यवस्थापन कोष खाता खर्च | | २०७६४२१६.०० |
| खाध्या सुरक्षा कार्यक्रम | १७७७०००.० | | बाँकी मौज्दात | | १००३७२३२२.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| च मुख्यमन्त्री रोजगार कार्यकम | १०२२३१४५.४२ | | नगद मौज्दात | ०.०० | |
| बिबिध कोष खाता र विवध खर्च खाता | | ३९९३५१४.८ | बैंक मौज्दात) संचित कोष( | ६५५१७४६५.३५ | |
| कन्टेनजेन्सी / मर्मत सम्मभार विविध कोष खाता | २११९४७३.०० | | बैंक मौज्दात) चालु खाता( | ११०८८७७३.५५ | |
| विविध खर्च खाता | १३२४५५४.७५ | | बैंक मौज्दात (पुजिंगत खाता) | ४६२५१५८२.९७ | |
| विविध खर्च खाता ढुंगा गिठी संकलनको रकम असुली | ४६५४८७.०० | | बैंक मौज्दात) धरौटी कोष( | ४३००१६२.०० | |
| मर्मत सम्भार विविध कोष खाता | २४०००.०० | | बैंक मौज्दात) विविध कोष खाता( | २२२८८११८.४२ | |
| कर्मचारी कल्याण कोष विविध कोष खाता | ६०००० | | बैंक मौज्दात) प्रकोप व्यवस्थापन कोष( | ९००८७२९.९६ | |
| धरौटी आम्दानी | | ५५२८४३१.०० | बैंक मौज्दात)बिभाज्यकोष खाता( | १५६४०५३३.०० | |
| दैबी प्रकोप ब्यबस्थापन कोष खाता | | २७१४९३७३.९६ | बैंक मौज्दात) विविध खर्च खाता( | १७९००४१.७५ | |
| ढुङ्गा गिट्टी बालुवा संकलन आम्दानी)बिभाज्यकोष खाता( | | १३१५२११७ | चेक साटन बाँकी | (७५५१३०८५) | |
| प्रदेश तथा स्थानीय क्षमता अभिबृद्दी कार्यक्रम | | २७९९३०.०० | अन्य विविध व्यय | | ७३३३६३९० |
| श्रोत नखुलेको आम्दानी / अल्या | | ६८९९४९९.५१ | गरिव संग विश्वेश्वर कार्यक्रम | ४९५०००.०० | |
| च) बेरुजु असुली | | ६७८९५.० | प्रदेश तथा स्थानीय क्षमता अभिबृद्दी कार्यक्रम | २७९९३०.०० | |
| | | | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | १०९२०९६. | |
| | | | खाध्या सुरक्षा कार्यक्म | १७७२२४०.० | |
| | | | सामाजिक सुरक्षा तथा संरक्षण ) जेष्ठ नागरिक समेत( | ७१६६७२०० | |
| | | | अन्य कर लगाएत तिर्नुपर्ने दायित्व बाकीक़ | (१९७८३६.०) | |
| | | | फिर्ता गर्न बाँकी रकम | | ५९०३५६१.० |
| | | | सघ स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम | १५५८८३३.० | |
| | | | आधाभूत स्वास्थय केन्द्र सचालन | ३९८००००. | |
| | | | प्रदेश समपुरक | ३६४७२८.० | |
| कुल जम्मा | ६१६३८५५२६.३६ | | कुल जम्मा | ६१६३८५५२६.३६ | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वित्तीय विवरण** –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ४७३११०३.०१ले फरक देखिएको छ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वारा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ५५९४८०७६.४६मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.५२३२९७०४.३२ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३६१८३७२.०८ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु……… | ३६१८३७२.०८ |
| ३. | **एकिकृत आर्थिक विवरणः** कार्यालयले एकिकृत आर्थिक विवरण तयार गर्दा आय व्यय जोडजम्मा भिडान हुनेगरी तयार गर्नु पर्दछ । यस वर्षको एकिकृत आर्थिक विवरण अनुसार व्यय तर्फको अन्य विविध व्यय शीर्षकको कच्चाबारी अनुसार रु ७५१०८६३० आम्दानी हुनेमा रु ७३३३६३९० उल्लेख गरी जोडजम्मा गर्दा १७७२२४० आम्दानी घटी देखिएको छ । कार्यालयले उक्त रकम फरक परेको कारण यकिन गरी हिसाब मिलान गर्नुपर्ने देखिएको रु | १७७२२४० |
| ४. | **बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| | चालु खर्च खाता | १४७३०५ | ११०८८७७३.५५ | १०९४१४६८.५५ |
| | पूजिगत खर्च खाता | २९२६६४६७.९७ | ४६२५१५८२.९७ | १६९८५११५ |
| | विविधकोष खाता | ५५९२५९१ | २२२८८११८.४२ | १६६९५५२७.४२ |
| | प्रकोप व्यवस्थापन कोष | ६७८५२२४.९२ | ९००८७२९.९६ | २२२३५०५.०४ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | विभाज्यकोष खाता | १६१०६०२० | १५६४०५३३ | ४६५४८७ | |
| | जम्मा | ५७८९७६०८.८९ | १०४२७७७३७.९ | ४७३११९०३.०१ | |

| | | |
|---|---|---|
| ५. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता, ११०८८७७३.५५ पूजिगत खर्च खाता ४६२५१५८२.९७ , धरौटी खाता ३४७३१६२, , विविधकोष खाता २२२८८११८.४२, प्रकोप व्यवस्थापन कोष ९००८७२९.९६ विवध खर्च खाता १७९००४१.७५ समेत गरी रु. ९३९००४०८.६५ मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४२ जनाको दरबन्दी रहेकोमा ८ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ७. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाद्यक्ष श्री शोभाकुमारी शर्माले मिति २०७६/३/१० गते रु ४२ करोड ३७ लाख ५४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६/३/३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/४/७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषय तथा क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपुरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १०. | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने ब्यबस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था,उपभोक्ता समिति,फर्महरुलाई रु. १,८३,८३,५८६ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित नगराएता पनि यो बर्ष (२०७६।७७) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट ब्यबस्था गरी उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्ने ब्यबस्था मिलाउनु पर्दछ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ११. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च रू हजार | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | ७४३८० | ७७९६ | १५९८१ | ५०६०३ | ३९१२६ |
| जम्मा | ७४३८० | ७७९६ | १५९८१ | ५०६०३ | ३९१२६ |
| प्रतिशत | | १०.४८ | २०.१४ | ६८.४४ | ५२.६० |

गाउपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ७ करोड ४३ लाख ८० हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७७ लाख ९६ अर्थात १०.४८ प्रतशित, दोश्रो चौमासिकमा रु.१ करोड ५९ लाख ८१ हजार, अर्थात.२०.१४ प्रतिशत र तेश्रो चौमासिकमा रु.६ करोड ६ लाख ३ हजार ,, अर्थात..६८.४४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३ करोड ९१ लाख ३६ अर्थात५२.६०प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १२. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५१५७९९६२ | २४५८१६७९ | ४७.६६ |
| सामाजिक क्षेत्र | २६८२८३३९९ | २२३५५४८१०.९४ | ८३.३३ |
| पूर्वाधार विकास क्षेत्र | ७८६७८६०९ | ४६७४३४५४.०३ | ५९.४१ |
| वित्तीयव्य वस्थापन र सुशासन | १६९१००० | ८९०२३५ | ५२.३५ |
| कार्यसञ्चालन तथा प्रशासनिकखर्च | ९७१९१९०३ | ७४०६९१८६.०६ | ७६.२ |
| स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम | ११०००००० | ९४४११६७ | ८५.८३ |
| गरिवसँग विश्वेर कार्यक्रम | ४९५००० | ४९५००० | १०० |
| सामाजिक सुरक्षा | ७१६६६२०० | ७१६६६२०० | १०० |
| राष्टिय परिचयपत्र चथा पंजिकरण | १०९२०९६ | १०९२०९६ | १०० |
| मुख्यमंत्री रोजगार कार्यक्रम | १०२२३१४५.४२ | १००२३६४८ | ९८.०५ |
| खाध्य सुरक्षा | १७७७००० | १७७२२४० | ९९.७३ |
| कर्णाली पूर्वाधार बिशेष कार्यक्रम | १२८९३४१२ | १२४०१५३६ | ९६.१९ |
| बाढी पिडित पुनस्थापन | ४६००००० | ४४००००० | ९५.६५ |
| **जम्मा** | **६१११७१७२६** | **४८११३१२५२** | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये  सामाजिकमा सबैभन्दा बढी शतप्रतिशत र आर्थिक विकास  मा सबै भन्दा घटीमा ४७.६६ प्रतिशत रहेको छ । | |
| १३. | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १२,७९,८३५.६५ राजस्व बाँडफाँड र अनुदानबाट रु ५१२२९८६७३समेत रु ५१३५७८५०८।६५ आम्दानी भएकोमा चालु तर्फ रु २४३०९७०७४र पूँजिगत तर्फ रु १५९०३९२७२।३०समेत रु ४०२१३६३४६।३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु१२५४५००खर्च भएको छ जुन आन्तरिक आयको १४४.९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४७.४५ प्रतिशत चालु र ३१.०४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १४. | **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १५. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सब ईन्जिनियर सहित ८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १६. | **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न कर्मचारीहरु करारमा राखि रू १७८९५९१४ खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरी बर्षभरीमा रु११०९५८५० भुक्तानी गरेको अनियमित देखिएको रु....... | ११०९५८५० |
| १७. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । हाल सम्म गाउँपालिकाले | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कल्याण कोष खडा गरेको देखिएन । आवश्यक कानूनको व्यवस्था गरी कल्याणकोष संचालन गरिनु पर्दछ । | |
| १८. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १९. | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । | |
| २०. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १० | १० | १० | ० |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९२७ |
| मृत्युदर्ता | १४९ |
| बसाईसराई दर्ता | १३५ |
| विवाह दर्ता | २२८ |
| सम्बन्धविच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३५ किमि |
| ग्राभेल सडक मर्मत | ४३ किमि |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| २१. | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १०१ | ५० | ८९ | ३० | २३ | २९३ |

| | | |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा २९३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १०१ वटा अर्थात ३४.४७ प्रतिशत योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| २२. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, २ वटा नियमावली, १३ कार्यविधि लगायत २५ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । गाउँपालिकालाई आवश्यक पर्ने कानून तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ । | |
| २३. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यो बर्ष थप भएको ७ गरी कुल १४विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| २४. | **बैठक भत्ता** : कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ११(२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले प्रति महिना तीन वटा भन्दा बढी बैठकको भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख छ । सोहि ऐनको दफा ३ (२) मा यस्तो सुविधा कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ बमोजिम सुविधा नलिएको मिति बाट मात्र प्राप्त गर्न सक्ने उल्लेख छ । गाउँपालिकाका ५३ जना जनप्रतिनिधिले २०७६ असोज सम्म कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ ले दिएको सुविधा लिई | ११०७५०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सकेको अवस्थामा कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७७ अनुसार ९ महिनाको प्रति सदस्य प्रति महिना ३ दिनका दरले ५३ जनाको प्रति बैठक रू १५०० का दरले जम्मा २१४६५००।०० बैठक खर्च लेख्न मिल्नेमा रू ३२५४०००।०० खर्च लेखेको देखिन्छ । ऐनमा भएको व्यवस्था विपरीत बढी खर्च लेखेको रू ११०७५००।० कार्यालयले यकिन गरी असुल गर्नु पर्ने रू.... | |
| २५. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट २०७६ असोज महिना सम्म देहाय बमोजिम रु १८५४५०० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष.. १० जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ९१५०० | ७५०० | ५७०००० | १८०००० | ५२५०० ० | १३७४००० |
| २ | चाडपर्व खर्च | ३०५०० | २५००० | १९०००० | ६०००० | १७५०० ० | ४८०५०० |
| | जम्मा | | | | | | १८५४५०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २६. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ११९७४०१ खर्च गरेको छ । | |
| २७. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु २३१००० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | • **अनुदान फिर्ता, वितरण र उपयोग** | |
| २८. | **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | ३६४७२८ |

| सि.नं. | कार्यक्रमको नाम | फिर्ता गरेको रकम |
|---|---|---|
| १. | प्रदेश समपुरक | ३६४७२८ |
| | जम्मा | ३६४७२८ |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२९.</td><td>बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>सवारीसाधन खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.७५९८२० बजेटबाट खर्च गरेको छ ।
<table>
<tr><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>मोटरसाइकल</td><td>२</td><td>७५९८२०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७५९८२०</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>• कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>३१.</td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६२,०८,७००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु..१२७९८३५.६५ अर्थात अनुमान भन्दा ७९.३९ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>४०२१३६३४६</td><td>१२७९८३५.६५</td><td>०.३२</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३३. | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ६००००० | ६७१९९६.६ | १११.९९ |
| घरजग्गा वहाल कर | १०५००० | २६१४१ | २४.९ |
| व्यवसाय कर | ५०००० | २४१३३ | ४८.२७ |
| वहाल विरौटी शुल्क | २५०००० | ५८८०४ | २३.५२ |
| | | | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ३४. | **स्थानीय तहरूको विभाज्य कोष -** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मनोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ । | |
| ३५. | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । | |
| ३६. | **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १० वटा वडा बाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३७. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले हाल सम्म व्यवसायिक कर उठाउन सुरु गरेको छैन ।गाऊँपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३८. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३९. | **लागत सहभागिता –** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४०. | **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ओडाताल डिपबोरीङ्ग ट्युवेल निर्माण | डिपबोरीङ्ग ट्युवेल | २०००००० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| | **सशर्त कार्यक्रमतर्फ** | |
| ४१. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको सख्या | विद्यार्थी संख्या | शिक्षक विद्याथी अनुपात |
|---|---|---|---|---|
| १. | जनज्योती मा.वि.बड्डीचौर बराहताल ५ | १८ | १०५४ | ५८.५६ |
| २. | सरस्वती मा.वि.चेपा¨बराहताल ५ | ११ | ५७७ | ५२.४५ |
| ३. | जनजागृती मा.वि.दमार बराहताल ८ | ५ | १५० | ३० |
| ४. | आ.वि.कुम्भीकोट बराहताल ८ | ५ | २०० | ४० |
| ५. | सरस्वती आ.वि.कुनाथरी बराहताल ८ | ३ | १७७ | ५९ |
| ६. | प्रा.वि.ग्वालेका“डा बराहताल ८ | ३ | ३४ | ११.३३ |
| ७. | कालिका प्रा.वि चुलिडा“डा बराहताल ८ | २ | ३६ | १८ |
| ८. | मानेश्वर आ.वि.करियापानी बराहताल | २ | ११२ | ५६ |
| ९. | शिद्धार्थ प्रा.वि.धमलाखाली बराहताल ५ | २ | ४१ | २०.५ |
| १०. | सरस्वती प्रा.वि.रक्सेनी बराहताल ५ | ३ | ७० | २३.३३ |
| ११. | भानु प्रा.वि.चेपा¨ बराहताल ५ | १ | ५६ | ५६ |
| १२. | विजयश्वरी मा.वि.पाग्मा बराहताल २ | १४ | ३७० | २६.४३ |
| १३. | भेरी मा.वि.रानीघाट बराहताल २ | ८ | ४४२ | ५५.२५ |
| १४. | आ.वि.तेलपानी बराहताल १ | ५ | १११ | २२.२ |
| १५. | श्री ने.रा.आ.वि.श्रीचौर बराहताल १ | ४ | १६० | ४० |
| १६. | जनजागृति प्रा.वि.भित्रीकुना बराहताल २ | २ | ५१ | २५.५ |
| १७. | प्रा.वि.सिस्नेरी बराहताल २ | २ | ७६ | ३८ |
| १८. | प्रा.वि.डोप्का बराहताल २ | ३ | २६ | ८.६६७ |
| १९. | भैरव प्रा.वि.काफलगैरा बराहताल १ | ० | २४ | - |
| २०. | प्रा.वि.गा“डापानी बरतहताल १ | २ | १९ | ९.५ |
| २१. | वशन्त प्रा.वि.स“ुगुरखाल बराहताल १ | २ | ४५ | २२.५ |
| २२. | प्रा.वि.मङ्ग्राहा बरतहताल १ | २ | ८ | ४ |
| २३. | प्रा.वि.ज्यामिरे बराहताल १ | १ | २२ | २२ |
| २४. | सरस्वती मा.वि.सिरुपाटा बराहताल ९ | १५ | ४८२ | ३२.१३ |
| २५. | आ.वि.धनीगाड बराहताल १० | ४ | १४५ | ३६.२५ |
| २६. | बाल भैरव आ.वि.थारी बराहताल ९ | ६ | १३० | २१.६७ |
| २७. | प्रा.वि.पोखीचौर बराहताल ९ | ३ | ९२ | ३०.६७ |
| २८. | बाल ने.रा.प्रा.वि.घोडाआ“खे बराहताल ९ | ३ | ५० | १६.६७ |
| २९. | प्रा.वि.सलैना बराहताल १० | २ | ४६ | २३ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | ३०. | प्रा.वि.हल्देखर्क बराहताल १० | ३ | १०८ | ३६ | |
| | ३१. | दिप प्रा.वि.थापाडा"डा बराहताल ९ | २ | ३४ | १७ | |
| | ३२. | सरस्वती प्रा.वि.लिस्ने बराहताल १० | ३ | ६२ | २०.६७ | |
| | ३३. | जनज्योति आ.वि.ओदालताल बराहताल | २ | ७४ | ३७ | |
| | ३४. | मा.वि.नय"ावन बराहताल ७ | ५ | ३०३ | ६०.६ | |
| | ३५. | सूर्यज्योति मा.वि.लामाखाली बराहताल | ८ | २४३ | ३०.३८ | |
| | ३६. | अमरज्योती आ.वि.बुटी बराहताल ६ | ३ | २१५ | ७१.६७ | |
| | ३७. | यज्ञज्योती आ.वि.लाम्काने बराहताल ६ | ४ | १३१ | ३२.७५ | |
| | ३८. | ने.रा.प्रा.वि.स्याउले बराहताल ७ | ३ | ३९ | १३ | |
| | ३९. | बिष्णु प्रा.वि.बिउ"रानी बराहताल ६ | २ | १०३ | ५१.५ | |
| | ४०. | जनजागरण प्रा.वि.वशन्तपुर बराहताल | २ | ९७ | ४८.५ | |
| | ४१. | बौद्ध प्रा.वि.गाहाखाल बराहताल ७ | २ | ६६ | ३३ | |
| | ४२. | लक्ष्मी प्रा.वि.करे बराहताल ७ | २ | ५२ | २६ | |
| | ४३. | जनता प्रा.वि.पैयापानी बरतहताल ७ | २ | २८ | १४ | |
| | ४४. | भेरी मा.वि.तर"ा बराहताल ४ | १४ | ४८५ | ३४.६४ | |
| | ४५. | भैरव आ.वि.सुकुरमाला बराहताल ३ | ३ | १६८ | ५६ | |
| | ४६. | सरस्वती आ.वि.साजघाट बराहताल ४ | २ | २३८ | ११९ | |
| | ४७. | आ.वि.न्रसिंका"डा बराहताल ३ | २ | १२९ | ६४.५ | |
| | ४८. | रामजानकी प्रा.वि.कुटा बराहताल ४ | २ | ७० | ३५ | |
| | ४९. | प्रा.वि.लेखगाउ बराहताल ३ | ३ | ३८ | १२.६७ | |
| | ५०. | प्रा.वि.हर्रेकाडा बराहताल ३ | २ | २८ | १४ | |
| | ५१. | प्रा.वि.गाइनेकाडा बराहताल ३ | १ | ५० | ५० | |
| | ५२. | प्रा.वि.केलाडी बराहताल ३ | १ | ७६ | ७६ | |
| | ५३. | प्रा.वि.भट्टेघारी बराहताल ८ | ४ | १४१ | ३५.२५ | |
| | ५४. | आ.वि.माथिल्लो तरा बराहताल ४ | २ | १९७ | ९८.५ | |
| | ५५. | प्रा.वि. गुरासे बराहताल ३ | २ | ८९ | ४४.५ | |
| | | जम्मा | २१४ | ७५२६ | ३५.१७ | |

शिक्षकको दरबन्दी विवरण गाउँपालिकाले उपलब्ध गराएको देखिदैन । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

४२. **अनुपातिक कट्टीः** सार्वजनिक खरिद निमयावली, २०६४ को निमय ९७(४) मा उपभोक्ता समितिबाट कुनै निर्माण कार्य गराउँदा जनसहभागिताको अंश भुक्तानीमा कट्टा गर्नुपर्ने व्यवस्था छ । गाऊपालिकाले निम्न निर्माण कार्यमा कार्यालयले व्यहोर्नुपर्ने रकममा काम भएको रकमको अनुपातिक हिसावमा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्नुपर्नेमा रु २०९५९५.८८ बढी भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु. — २०९५९५.८८

| सि नं. | भौमिति .नं. | योजनाको नाम | लागत अनुमान | कार्य सम्पन्न रकम | कार्यालयले भुक्तानी गरेको रकम | कार्यालय ले अनुपातिक रुपमा भुक्तानी | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | गर्नुपर्ने रकम | |
| १ | ६-२०७७/३/३० | भेरी मा.वि बराहताल २ भवन निर्माण | २७५०६७६.५५ | २३७४०४६.८६ | २२८२८५१ | २०७३२२५.१३ | २०९५९५.८८ |
| | | जम्मा | | | | | २०९५९५.८८ |

४३. **भौतिक निर्माण तथा मर्मत संभारः २९-२०७७/३/३१** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्त्य सम्म काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उदेश्यले मात्रै कसैलाई पेश्कि दिन वा धरौटी खातामा रकम जम्मा गर्न नहुने उल्लेख छ । ः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं ८.२(छ) मा भौतिक संरचना निर्माण गर्न विद्यालयसँग सम्झौता भएपछि ३० प्रतिशत, Structural Part को काम सम्पन्न भएपछि ५० प्रतिशत र कार्य सम्पन्न तयार भएपछि बाकि २० प्रतिशत अनुदान उपलब्द गराउनु पर्ने उल्लेख गरेकोमा गाउँपालिकाले यस वर्ष निम्नानुसारका शीर्षकमा विद्यालय निर्माण तथा मर्मत सम्भार कार्यको लागि रकम निकासा दिएकोमा निर्माणको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । गाउँपालिकाले असार मसान्त भन्दा अगाडी नै विद्यालयलाई भुक्तानी गरी बैंक खाता रोक्का राख्ने र कार्य सम्पन्न पेश भएपछि मात्र बैंक खाता फुकुवा गर्ने जनाएकोमा कार्यालयले पेश गरेको विवरणमा सो निकासालाई पेश्कीको रुपमा देखाएको छ । देहायबमोजिमको रकम आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उदेश्यले नियमावलीमा भएको व्यवस्था विपरीत भुक्तानी गरेकोमा कार्य सम्पन्न भई नसकेकोले कार्य सम्पन्न गरेको प्रमाण पेश गरी असुल फछ्यौट गरी नियमित गर्नु पर्ने रु — बेरुजू रकम: ११२०००००

| क्र.सं. | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| १. | भवानी प्रा.वि गुरासे | १६००००० |
| २. | बराह आ.वि. नर्सिङ्ग डाडा | १६००००० |
| ३. | भैरव आ.वि घट्टेघारी | १६००००० |
| ४. | जनजागरण प्रा.वि. | १६००००० |
| ५. | ने.रा. आ.वि. धनिगाउ | १६००००० |
| ६. | मानेश्वर आ.वि करियपानी | १६००००० |
| ७. | लक्ष्मी प्रा.वि. | १६००००० |
| | जम्मा | ११२००००० |

४४. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । गाउपालिकाले रु.१५,५७,४५९ को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

४४.१. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

४४.२. औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४.३. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४५. | **छुट ग्रेडः** निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गरेर मात्र तलव तथा ग्रेडवापत खर्च लेख्नु पर्दछ ।कार्यालयले छुट ग्रेड वापत कर्मचारी लाइ एकमुष्ट रु ६९९७० भुक्तानी गरेकाले सो दररेटवाट ग्रेड पाउने अर्थमन्त्रालयको स्विकृति र सम्वन्धित निकायवाट निजले पाउने ग्रेड संख्या रकम यकिन गरी पास गरेको तलवी प्रतिवेदन अनुसारको भुक्तानी दिनुपर्ने देखिन्छ । | |

| भौन ।मिती | कर्मचारीको नाम | भुक्तानी भएको ग्रेड रकम |
|---|---|---|
| ३७७।२०७६।१२।२४ | धर्मराज थापा | ६९९७० |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **बन्दाबन्दीको पारिश्रमिकः** गरिब घर पहिचान तथा परिचय पत्र वितरण कार्याविधि, २०७५ को २३(६) मा गणकले संकलन गरेको विवरण पठाउन ईन्टरनेट खर्च वापत प्रतिव्यक्ति प्रतिमहिना रू २००० र २३(८) मा भ्रमण खर्च वापत दैनिक रू ३०० भुक्तानी गर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका कर्मचारी लाई २०७६ चैत्र ११ देखि २०७७ जेष्ठ ३१ को अवधि सम्म नेपाल सरकार बाट घोषित बन्दाबन्दीको समयमा काम सम्पन्न नगरेता पनि ईन्टरनेट खर्च वापत रू **२७३३०** भुक्तानी गरेको देखिएकोले काम नगरेको अवधिमा समेत भुक्तानी गरेको ईन्टरनेट खर्च असुल गर्नुपर्ने रू.......... | २७३३० |

| **क .सं.** | **कर्मचारीको नाम** | **दिन** | **ईन्टरनेट खर्च** |
|---|---|---|---|
| १. | गोपाल जरंगा मगर | ८२ | ५४६६ |
| २. | विष्ण कुमारी कठायत | ८२ | ५४६६ |
| ३. | चन्द्रकला सलामी मगर | ८२ | ५४६६ |
| ४. | कुशूम शाही | ८२ | ५४६६ |
| ५. | प्रमिला थापा | ८२ | ५४६६ |
| | **जम्मा** | | २७३३० |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४७. | **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकीकरण गरेको छैन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, सिंचाई कुलो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५१९ जनालाई रोजगारी उपलव्ध गराई रु.४३,४४,०५९।०० खर्च गरेको छ । लक्षित वर्गलाई औषत १०.८४ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन</td><td></td></tr>
<tr><td></td><td>समानीकरण पूँजिगततर्फ</td><td></td></tr>
<tr><td>४८.</td><td>कार्यसम्पादन जमानत :— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनु पर्ने व्यवस्था छ । कार्यालयले देहायबमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा पेश गरेको कार्यसम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अवधीको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु</td><td>५९८०००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.सं</th><th>भौ .नं. मिति</th><th>योजनाको नाम</th><th>फर्म</th><th>कार्य सम्पादन जमानतको विवरण</th><th>अवधि</th><th>हुनुपर्ने अवधि</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>३-२०७६/६/३</td><td>कृषि संकलन केन्द्र भवन निर्माण</td><td>प्रदिप निर्माण सेवा</td><td>Agricultural Development Bank PB209/0127/4842/19</td><td>२०७६/४/९</td><td>२०७७/५/९</td><td>१२००००</td></tr>
<tr><td>२.</td><td>१६-२०७६/७/७</td><td>सार्वजनिक शौचालय निर्माण तथा आल्मुनियम पार्टेसन तारवार</td><td>प्रदिप निर्माण सेवा</td><td>Agricultural Development Bank PB209/0031/6815/19</td><td>२०७७/१/६</td><td>२०७७/१०/३०</td><td>८८०००</td></tr>
<tr><td>३.</td><td>स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम</td><td>जनज्योती मावि भवन . निर्माण</td><td>मालिका निर्माण सेवा</td><td>Nepal Banfgladesh Bank NB:028 PB:00031/21</td><td>२०७७/९/२९</td><td>२०७८/१०/२९</td><td>३९००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>५९८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९.</td><td>बेरितको कर विजक: मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) वमोजिमको ढांचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी गरकोमा सो फर्महरुले जारी गरेको विजकमा निम्नानुसार कैफियत देखिएको मुल्य अभिवृद्धि कर रकम रु. १४६२८६.९९ सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु</td><td>१४६२८६.९९</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>विजक मिति</th><th>विजक नं.</th><th>विजक रकम</th><th>समायोजन गर्नु पर्ने मुअकर कर रकम</th><th>कैफियत</th></tr>
</table>
</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | ३-२०७६/६/३ | प्रदिप निर्माण सेवा | ३०२८६२२७० | - | ०१ | ७९७१८३.९५ | ५१८१६.६ | मिति. केरमेट गरेको |
| २. | ६२-२०७६/११/०४ | आई ए ईन्जिनियरिङ्ग वर्कसप | ६०१३४६०१३ | २०७६/१०/२३ | - | २१५७०० | २८०४१ | विजक नं. नभएको |
| ३. | | | | | - | २१५६९९.०९ | २८०४० | |
| ४. | | | | - | १४७ | २४७०८ | ३२२१.४ | मिति नभएको |
| ५. | ६३-२०७६/११/०४ | | | २०७६/१०/२३ | - | २१५६९९.०९ | २८०४० | विजक नं. नभएको |
| ६. | १५८-२०७७/३/२८ | रारा ईन्जिनियरिङ्ग वर्कसप | ६०७३५१०६४ | २०७७/३/८ | - | ५४८३०.७५ | ७१२७.९९ | |
| | | **जम्मा** | | | | | १४६२८६.९९ | |

५०. **नन फाईलर ;** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधी समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ। कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी गरकोमा सो फर्महरु नन फाईलर रहेको देखिदा मुल्य अभिवृद्धि कर रकम रु. १०३२५९१.१६ सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु — बेरुजू रकम: १०३२५९१.१६

| क्र. सं. | भौ.नं. मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक मिति | विजक नं. | विजक रकम | समायोजन गर्नु पर्ने मुअकर कर रकम | ननफाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | १०६-२०७७/२/२६ | मालिका निर्माण सेवा | ३०१७३७८६५ | २०७७/२/२१ | ३९ | १९०७६२० | २४७९९०.६७ | 2076/M/9 |
| २. | १७२-२०७७/३/३१ | | | २०७७/३/३१ | ६० | १६०४१४५ | २०८५३८.८५ | |
| ३. | | | | २०७७/३/२५ | ५८ | ८७५२६८ | ५६८९६.२८ | |
| ४. | ५१-२०७६/११/४ शसर्त | Rara Medical AAnd Surgical Distribution Pvt.ltd. | ६०६६४६८२४ | २०७६/१०/२७ | ५६ | १४३३७० | १८६३८.१ | 2076/M/2 |
| ५. | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | मालिका निर्माण सेवा | ३०१७३७८६५ | २०७७/२/२१ | ३८ | १६२६०६१.१६ | २११३८८.७३ | 2076/M/9 |
| ६. | | | | २०७७/३/२५ | ५९ | ८५०२१७.९५ | ११०५२८.३३ | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | १-२०७७/३/२८ | माँ लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स | ६०७६९१ ४०९ | २०७७/३/२१ | ०७२ | १३७३९२४.६९ | १७८६१०.२ | 2076/ M/2 |
| | | जम्मा | | | | | १०३२५ ९१.१६ | |

५१. **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले लागत अनुमान तयार पार्दा प्रयोग गरेको नर्म्स समेत स्वीकृत गरेको देखिएन । गाउँपालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ४५४१३९४.६८ खर्च लेखेका छ । गाउँपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिष्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्ः

५१.१. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद— ६ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्न परामर्शदाताले कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने, खुल्ला रुपमा आशयपत्र माग गरी सक्षिप्त सुची तयार गर्नुपर्ने, संक्षिप्त सुची मध्येबाट ३० दिनको समय दिई प्रस्ताव माग गर्नुपर्ने तथा परामर्शदाताको योग्यता र अनुभव समेतको आधारमा मूल्यांकन गरी छनौट गर्नुपर्ने उल्लेख छ । सोही नियमावलीको नियम ७०(२) मा सार्वजनिक निकायले २० लाख भन्दा बढी १० करोड रुपैयासम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नुपरेमा राष्ट्रियस्तरको आशयपत्रदाता बिच मात्र प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्ने उल्लेख छ ।

गाउँपालिकाले यस वर्ष विभिन्न सडकहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न भनि निम्नानुसारका विभिन्न परामर्शदातासंग सम्झौता गरी कार्य गरेको देखियो । कार्यालयले परामर्शदाता छनौट गर्दा कुनै ३ वटासंग कोटेसन माग गरी घटिवालासंग सम्झौता गरेको तथा २० लाख रकम भन्दा थोरै कम मात्रको रकममा सम्झौता गरेको देखिन्छ । एउटै प्रकृतिको कार्यलाई प्याकेज बनाई नियमावलीको व्यवस्था अनूरुप राष्ट्रियस्तरको आशयपत्रदाता बिच प्रतिस्पर्धा गराई प्रतिस्पर्धात्मक मूल्यमा परामर्श सेवा खरिद गर्नुपर्नेमा रु. २० लाख रुपैयाँको हाराहारीमा विभिन्न ३ परामर्शदातालाई टुक्रा टुक्रा पारी DPR गर्न सम्झौता गर्दा अपेक्षाकृत रुपमा गुणस्तरीय एवं मितव्ययी रुपमा कार्य सम्पन्न भयो भनि यकिन गर्न नसकिएकोले उक्त खर्च रकमलाई नियमित मान्न नसकिएको, रु. ३५४७३९२.५४

| क्र.सं. | भौ.नं. मिति | फर्मको नाम | कामको विवरण | भुक्तानी |
|---|---|---|---|---|
| १ | ८-२०७६/६/९ | Nepal Environment and engineering consultancy Pvt.Ltd. | DPR of Mashina-Chepang Road | १९२५९०४.२० |
| | | | DPR of Odatal Damar Baddichaur Road | |
| २ | ९-२०७६/६/९ | Rural Engineering Consultant Service | BPR of Bankhal Bhumi Beureni Road | १६२१४८८.३४ |
| | | | DPR of Kalyan Syaule Ghodaankhe Road | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | | | | DPR of Kalyan Karang Karnali Road | | |
| | | | जम्मा | | ३५४७३९२.५४ | |
| ५१.२. | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | | | | | |
| ५२. | **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु. ५ लाख सम्मको मालसामान सोझै खरिद गर्न सकिने तथा नियम ८५(१ख) एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नियम ८ अनुसार वार्षिक खरिद योजना बनाई सो अनुसार सिलबन्दी दरभाउपत्र तथा बोलपत्र आव्हान गरी खरिद कार्य गर्नुपर्नेमा सो अनुसार नगरी सिधै खरिद र एउटै आपूर्तीकर्ता सँग पटक पटक खरिद गरेको पाइयो । गाउँपालिकाले यो वर्ष निम्नानुसार को खरिद गर्दा योजना बनाई एक मुष्ट शिलवन्दी दर भाउ पत्रमा कम लागतमा खरिद गर्नु पर्नेमा सो नगरी ल्यापटप, कम्प्युटर तथा प्रिन्टर पटक पटक गरेर सोझै खरिद गरी रु१२१४८३५ भुक्तानी गरेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था विपरित भएको खरिदलाई नियम सम्मत मान्न नसकिने रु.......... | | | | | १२१४८३५ |

| क्र.सं. | सामानको नाम | संख्या | खरिद मिति | खरिद गरेको फर्म | भुक्तानी रू |
|---|---|---|---|---|---|
| १. | ल्यापटप | १ | २०७६/७/६ | एक्सिस कम्प्युटर सेन्टर | ७९१०० |
| २. | प्रिन्टर | १ | २०७६/७/६ | एक्सिस कम्प्युटर सेन्टर | २५९९० |
| ३. | डेस्कटप | २ | २०७६/९/२३ | आई ड्रिम सोलुसन | १०३२८२ |
| ४. | प्रिन्टर | १ | २०७६/९/२३ | आई ड्रिम सोलुसन | २४१८२ |
| ५. | फोटोकपी मेसिन | १ | २०७६/९/२३ | आई ड्रिम सोलुसन | ७२३२० |
| ६. | ल्यापटप | १ | २०७६/९/२८ | अल्फा ब्रोदर | ७९१०० |
| ७. | प्रिन्टर | १ | २०७६/९/२८ | आई ड्रिम सोलुसन | २५५३८ |
| ८. | ल्यापटप | १ | २०७६/१०/४ | आई ड्रिम सोलुसन | ९४६६६ |
| ९. | डेस्कटप | १ | २०७६/१२/९ | ईन्फोसिस नेपाल | ६५००० |
| १०. | डेस्कटप | १ | २०७६/१२/९ | ईन्फोसिस नेपाल | १३०००० |
| ११. | फोटोकपी मेसिन | १ | २०७६/१२/९ | ईन्फोसिस नेपाल | ६४००० |
| १२. | प्रिन्टर | ३ | २०७६/१२/१० | एक्सिस कम्प्युटर सेन्टर | ७४५८० |
| १३. | डेस्कटप | २ | २०७६/१२/१० | एक्सिस कम्प्युटर सेन्टर | १६०४६० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | डेस्कटप | १ | २०७६/१२/१० | एक्सिस कम्प्युटर सेन्टर | ६५८७९ |
| १५. | डेस्कटप | १ | २०७७/३/५ | दिपशिखा ईन्टरनेशनल | ५९९९९ |
| १६. | प्रिन्टर | १ | २०७७/३/१६ | एक्सिस कम्प्युटर सेन्टर | २४८६० |
| १७. | डेस्कटप | १ | २०७७/३/१६ | एक्सिस कम्प्युटर सेन्टर | ६५८७९ |
| | | | जम्मा | | १२१४८३५ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५३. | **ईन्धन खर्चः** आर्थिक कार्यविधि नियमावली २०६४ को ३६(८) अनुसार कुनै रकमको भुक्तानि दिंदा रित पुगे वा नपुगेको जांच गर्नु पर्दछ ।गाउँपालिकाले जे.सि.वि. प्रयोग गरी बाटो स्तरोन्नती गरेको भनि ईन्धन खर्च वापत दिपमाला आयल स्टोरलाई निम्नानुसारको भुक्तानी गरेकोमा सो को लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन नभएकोले के कति काम वापत सो ईन्धन खर्च भएको हो यकिन गर्न नसेको रु. | ५८८५७७.८४ |

| क्र.सं. | भौ नं. मिति | योजना | भुक्तानी |
|---|---|---|---|
| १. | २०-२०७६/७/२६ | कल्यान स्याउले टुनापानी सडक निर्माण तथा स्तरोन्नती | १७५७४९.९९ |
| २. | २८-२०७६/९/७ | वडा नं. ७ सडक | ९६९९९.९९ |
| ३. | ५०-२०७६/१०/१३ | वडा नं. ७ सडक | १७०२९७.८७ |
| ४. | ६९-२०७६/११६ | वडा नं. ७ सडक | १४५५२९.९९ |
| | | **जम्मा** | ५८८५७७.८४ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५४. | **हाजिरी मेसिनः ३१-२०७६/९/१६** आर्थिक कार्यविधि नियमावली २०६४ को ३६(८) अनुसार कुनै रकमको भुक्तानि दिदा रित पुगे वा नपुगेको जांच गर्नु पर्दछ । कार्यालयले हाजिरी मेसिन जडान वापत एक्सेस कम्प्युटर्स एण्ड सप्लायर्स लाई रु. १५४५२४।०० भुक्तानी गरेकोमा हाल सम्म त्यो मेसिन प्रयोगमा आएको देखिएन । कार्यालयलाई आवश्यक पर्ने सामान मात्र खरिद गरि खर्च प्रकृयालाई मितव्ययी वनाउनु पर्दछ । | |
| ५५. | **नापजाँचः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा प्राविधिकले नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले उपभोक्ता समिति सगँ सम्झौता गरी निम्नानुसारको काम गर्दा दुबै योजनाको लागत अनुमान, शिर्षकगत नापी मानको परिमाण तथा कार्यसम्पन्न समेत समान रहेको देखिदाँ सो योजनाहरु स्थलगत रुपमै गई नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको हो भनि यकिन गर्न सकिएन । यस सम्बन्धमा कार्यालयले यकिन गर्नु पर्ने रु... | ९८५१५८ |

| क्र.सं. | भौ.नं.मिति | योजनाको नाम | लागत अनुमान | सम्पन्न | भुक्तानी |
|---|---|---|---|---|---|
| १. | ६३-२०७६/११/४ | लेखगाउँ आमासमुह भवन निर्माण | ५५७१७५.२३ | ५४९९५३.६९ | ४९२५७९ |
| २. | ६२-२०७६/११/४ | खर्क आमा समुह भवन निर्माण | ५५७१७५.२३ | ५४९९५३.६९ | ४९२५७९ |
| | | जम्मा | | | ९८५१५८ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५६. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु २११९४७३ कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी रु.७३३७४७ खर्च गरेता पनि स्पष्ट अभिलेख खडा गरेको देखिएन । | |
| ५७. | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लेखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ५८. | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्ध्दन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । नियमानुसार सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गरिनुपर्दछ । | |
| ५९. | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् । | |

| सि.नं | निर्माण कामको विवरण | लागत अनुमान | सम्झौता रकम |
|---|---|---|---|
| १ | Neware Water Suply Project | ३९९८५४७.७९ | ३२९१४२२.०४ |
| २ | Construction Of Odatal Dipboring 200 mm dia Tubewell Poewr | २२५२७०२.८८ | २२५२७०२.८८ |
| ३ | Badhichaur Irrigation Project | २३७१५७९.२३ | २३७१५७९.२३ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **समानीकरण चालुतर्फ** | |
| ६०. | **भाडाः** आर्थिक कार्यविधि नियमावली २०६४ को ३६(८) अनुसार कुनै रकमको भुक्तानि दिदा रित पुगे वा नपुगेको जांच गर्नु पर्दछ । कार्यालयका कर्मचारीले आवास सुविधा पाउने व्यवस्था नभएकोमा कार्यपालिकाले पदाधिकारी तथा आवासका लागी र स्टोर प्रयोजन वापतनिम्नानुसारको घरभाडा वापत रु ३६४८०० खर्च लेखेको नियम सम्मत नदेखिएको रु | ३६४८०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| घर धनी | प्रयोजन | वार्षिक घरभाडा रकम |
|---|---|---|
| भवनसिह सिजापति | गाउँपालिका आवास | २२४४०० |
| ललिता दर्लामी | उपाध्यक्ष आवास | ९२४०० |
| रमिताकुमारी शाही | स्टोरप्रयोजन | ४८००० |
| जम्मा | | ३६४८००। |
| | | |

६१. **गत आ व को भुक्तानी**: आर्थिक कार्यविधी नियमावली २०६४को ४० (७) अनुसार चालु वर्षको वजेटले नखाम्ने गरी वढि खर्च हुने गरी दायित्व सिर्जना गर्न हुदैन तर विषेश कारण एवं परिस्थितिवस उपनियम ८ मा उल्लेखित खर्च शिर्षकहरुमा चालुवर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा विल भर्पाइ वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली मलेपले तोकेको ढांचामा भुक्तानी दिन वांकीको कच्चावारीमा चढाइ वार्षिक आर्थिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयवाट प्रमाणित गराइ राख्नु पर्नेमा सो नगरि निम्नानुसार भुक्तानि भएको देखीएको छ।

| भौन ।मिती | भुक्तानी रकम | विवरण |
|---|---|---|
| ५५६।२०७७।३।२५ | २००००। | सदस्यता शुल्क |
| ७१।२०७६।६।१३ | १६००००। | औषधि खर्च |
| ५३।२०७६।६।१० | १३०८००। | आमासुरक्षा |
| १५५।२०७६।८।१७ | १५८७००। | सभासंचालन तथा खाजाखर्च |
| १५६।२०७६।८।१८ | ३०००००। | सुचना प्रकाशन |

६२. **शिर्षक फरक पारी खर्च:** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले स्वीकृत वजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा रहेर गर्नु पर्दछ र खर्च गर्न वांकी छ भने सो को विचार गरी खर्च गर्ने र खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था गरेको छ ।कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षक वाट खर्च लेखि भुक्तानी गरेको देखीएको ले यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेको रकम नियम सम्मत देखीएन ।केही उदाहरण निम्न रहेका छन

| भौन ।मिती | लेख्नुपर्ने खर्च शिर्षक | लेखेको खर्च शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|
| ३८०।२०७६।१२।२४ | पोशाक भत्ता | सेवा शुल्क | ३५००००। |
| ४६।२०७६।६।९ | पुजिगत | भैपरी चालु | ४४७३९२। |
| ५८८।२०७७।३।२९ | गाडिभाडा | विविध | २५०००। |
| ६०६।२०७७।३।३० | मर्मत | विविध | २०३००। |

६३. **बिल भरपाई नभएको -** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसार खर्च लेखेकोमा सोको भर्पाइ प्रमाण संलग्न नगरेको हुनाले सो को प्रमाण पेश गर्नु पर्ने देखीएको रु ८७६४७५

| भौन मिति | भुक्तानी रकम |
|---|---|
| ६२६।२०७७।३।३१ | २५००० |
| ६२७।२०७७।३।३१ | २०००० |
| ६१२।२०७७।३।३१ | २५००० |
| ६०३।२०७७।३।३० | १७४२०० |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>६०४।२०७७।३।३०</td><td>२३६२००</td><td></td></tr>
<tr><td>६०५।२०७७।३।३०</td><td>१७४२००</td><td></td></tr>
<tr><td>५६१।२०७७।३।२</td><td>९८८७५</td><td></td></tr>
<tr><td>३७६।२०७६।१२।१३</td><td>१२३०००।</td><td></td></tr>
<tr><td>जम्मा</td><td>८७६४७५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४.</td><td>माईनुट - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । विभिन्न वैठक भत्ता भुक्तानी गर्दा माइन्युट वेगर भुक्तानी दिएको देखीएकोले सो को प्रमाण पेश गर्नु पर्ने रु
<table>
<tr><td>भौन मिती</td><td>खर्च रकम</td><td>विवरण</td><td></td></tr>
<tr><td>६९।२०७६।६।१२</td><td>६३०००</td><td>पदाधिकारी वैठक भत्ता</td><td></td></tr>
<tr><td>१२५।२०७६।८।५</td><td>१५३००</td><td>अपरेटर छनौट समिती</td><td></td></tr>
<tr><td>२८४-२०७६/१०/२८</td><td>२६४०००</td><td>पदाधिकारी वैठक भत्ता</td><td></td></tr>
<tr><td>जम्मा</td><td>३४२३००</td><td></td><td></td></tr>
</table>
</td><td>३४२३००</td></tr>
